१९ औं अधिवेशनको

बैठक संख्या ५ समयः बिहान ११ बजे बैठक मिति २०८३।०३।३०

आज मिति २०८३ साल असार ३० गतेका दिन यस गाँउसभाका अध्यक्ष श्री दलजीत सिह धामी ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा गाउँसभाको १९ औ अधिवेशनको पाचौ बैठकमा देहायका कार्यसूचीमा छलफल गर्दै सम्पन्न भयो।

उपस्थिति

क्रस	नाम थर	पद	हस्ताक्षर
१	श्री दलजीत सिह धामी	अध्यक्ष	
२	श्री जगत सिह ठगुन्ना	सदस्य	
३	श्री हरीलाल सिह महता	सदस्य	
४	श्री नारायण सिह ठगुन्ना	सदस्य	—
५	श्री राइ सिह ठगुन्ना	सदस्य	
६	श्री कृष्ण सिह धामी	सदस्य	
७	श्री राम सिह धामी	सदस्य	
८	श्री राजेन्द्र सिह बोहरा	सदस्य	
९	श्री गणेश टमटा	सदस्य	
१०	श्री चन्द्रा टमटा	सदस्य	
११	श्री जोगी टमटा	सदस्य	
१२	श्री नरमा धामी	सदस्य	
१३	श्री बसन्ती ठगुन्ना	सदस्य	
१४	श्री रुकमती ठगुन्ना	सदस्य	
१५	श्री राय सिह ठगुन्ना	सदस्य	
१६	श्री हरक सिह धामी	सदस्य	—

CamScanner

नौगाड गाउँपालिका
गाउँ सभा सचिवालय
सुदूरपश्चिम प्रदेश

१७	श्री पानमती देवी	सदस्य	
१८	श्री पान सिह ठगुन्ना	सदस्य	
१९	श्री रमेश ठगुन्ना	सदस्य	
२०	श्री नारन्ती तोलगाई महता	सदस्य	
२१	श्री बिर्मा टमटा	सदस्य	
२२	श्री जहर सिह डडाल	सदस्य	
२३	श्री रमेश सिह ठगुन्ना	सदस्य	
२४	श्री जानकी देवी टमटा	सदस्य	
२५	श्री जयभान ठगुन्ना	सदस्य	
२६	श्री ललित सिह सितोली	सदस्य	
२७	श्री रुक्मा देवी मन्याल	सदस्य	
२८	श्री हरिना टमटा	सदस्य	
२९	श्री कुटुसी टमटा	सदस्य	
३०	श्री खडक ठगुन्ना	सदस्य	
३१	श्री विशन सिह ठगुन्ना	सदस्य	
३२	श्री मनविर सिह धामी	सदस्य	
३३	श्री मान सिह धामी	सदस्य	
३४	श्री कुटुरी टमटा	सदस्य	
३५	श्री पुष्कर सिह धामी	सचिव	

तपसिलः

<u>कार्यसुचीहरुः</u>

१. नौगाड गाउँपालिकाको मदिरा तथा सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन) विधेयक २०८३ पारित गर्ने सम्बन्धमा
२. नौगाड गाउँपालिकाको गाउँ प्रहरी विधेयक २०८३ पारित गर्ने सम्बन्धमा।
३. बेरुजु फच्योँट सम्बन्धी लेखा समितिको प्रतिवेदन पारित गर्ने सम्वन्धमा।

<u>निर्णयहरुः</u>

<u>निर्णय नं. १</u>

गाउँसभाको उन्नाइसौ अधिवेशनको पाँचौ बैठकमा उपस्थित २६ जना गाउँसभाका सदस्यहरु मध्ये २६ जनाको सर्वसम्मत मतले नौगाड गाउँपालिकाको मदिरा तथा सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन) विधेयक, २०८३ पारित गरियो।

<u>निर्णय नं. २</u>

गाउँसभाको उन्नाइसौ अधिवेशनको पाचौ बैठकमा उपस्थित २६ जना गाउँसभाका सदस्यहरु मध्ये २४ जनाको बहुमतले नौगाड गाउँपालिकाको गाउँ प्रहरी विधेयक, २०८३ पारित गरियो।

<u>निर्णय नं. ३</u>

गाउँसभाको उन्नाइसौ अधिवेशनको पाचौ बैठकमा उपस्थित २६ जना गाउँसभाका सदस्यहरु मध्ये २६ जनाको सर्वसम्मत मतले बेरुजु फच्योँट सम्बन्धी लेखा समितिको तपसिल अनुसारका निर्णयहरु अनुमोदन गर्ने निर्णय पारित गरियो ।

CamScanner

आ.व. २०८१।०८२ महालेखापरीक्षकको प्रतिवेदनको दफावार छलफल सम्बन्धमा ।

निर्णय नं.१

श्री महालेखापरीक्षकको कार्यालयको आर्थिक वर्ष २०८१/८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा नं. ९ मा औंल्याइएको "अवकास कोषबाट खर्च" भन्ने बेरुजु हकमा,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ विपरीत कर्मचारी कल्याण कोषको रकमबाट आयोडिनयुक्त नुन खरिद गर्न गोश्वरा भौचर नं. २ मिति २०८२।०२।२७ बाट खर्च गरिएको र कोषमा शोधभर्ना तथा प्रमाण पेस नभएको भनी औंल्याइएको रु. ३,६०,०००/- (तीन लाख साठी हजार रुपैयाँ) बेरुजुका सम्बन्धमा विस्तृत छलफल गरियो।

उक्त नुन खरिद सम्बन्धी प्रमाण (बिल, जिन्सी दाखिला र वितरण भरपाई) तथा सो खर्च भएको रकम नियमानुसार शोधभर्ना भई कर्मचारी कल्याण कोषको बैंक खातामा फिर्ता दाखिला भइसकेको बैंक भौचर समेतका आवश्यक सम्पूर्ण प्रमाण कागजातहरू यस समिति समक्ष पेस हुन आई भिडान कार्य सम्पन्न भएको र रकम सुरक्षित रहेको देखिएकाले, पेस भएका प्रमाणहरू प्रमाणित गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिम उक्त रु. ३,६०,०००/- बेरुजु रकम नियमित (फछ्र्यौट) कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ को मर्म विपरीत भविष्यमा कर्मचारी कल्याण कोषको रकम अन्य कुनै पनि प्रयोजनका लागि सापटी वा खर्च नगर्न/नचलाउन र आर्थिक अनुशासन पूर्ण रूपमा पालना गर्न गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत तथा आर्थिक प्रशासन शाखालाई कडा ध्यानाकर्षण गराउने निर्णय गरियो।

निर्णयनं.२

यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को महालेखापरीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा नं. ३१ मा औंल्याइएको "सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ विपरीत मूल्य अभिवृद्धि कर (मू.अ.कर) समायोजन पत्र संलग्न नगरी महादेव निर्माण सेवालाई धरौटा फिर्ता गरिएको रु. २१,२१७/- (अक्षरूपी एक्काइस हजार दुई सय सत्र रुपैयाँ मात्र)" बेरुजुका सम्बन्धमा विस्तृत छलफल गरियो।

उक्त निर्माण कार्यको अन्तिम भुक्तानी तथा धरौटी फिर्ताका क्रममा छुट हुन गएको सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट जारी भएको मू.अ.कर समायोजन पत्र, कर विवरण र कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate) हाल सम्बन्धित व्यवसायी/शाखाबाट यस समिति समक्ष पेस हुन आई भिडान कार्य सम्पन्न भएको छ। पेस भएका कानुनी कागजातहरूबाट निर्माण व्यवसायीले नियमानुसार कर बुझाएको र राजस्व दाखिला भएको पुष्टि हुन आएको छ।

CS CamScanner

(२)

अतः पेस हुन आएका कर समायोजनका आधिकारिक प्रमाण कागजातहरू प्रमाणित गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा स्थानीय तह आर्थिक कार्यविधि नियमावली बमोजिम उक्त रु. २१,२१७/- बेरुजु रकम नियमित (फछ्र्यौट/लगत कट्टी) गर्न श्री महालेखापरीक्षकको कार्यालयलाइ अनुरोध गर्ने निर्णय गरियो।

साथै, भविष्यमा निर्माण व्यवसायी वा आपूर्तिकर्ताको धरौटी रकम फिर्ता गर्दा सार्वजनिक खरिद नियमावलीको नियम १२४(२) बमोजिमका कर समायोजन र कर चुक्ताका कागजातहरू अनिवार्य रूपमा सुरुमै संलग्न गरेर मात्र भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखालाई सचेत गराउने निर्णय समेत गरियो।

निर्णयनं.३

यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को महालेखापरीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा ४० मा औंल्याइएको "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ विपरीत नाफामूलक संस्था मिनु अस्ला माछा फर्मलाई अनुदान स्वरूप उपलब्ध गराइएको रु. १,८८,२५९/- (अक्षरूपी एक लाख अठासी हजार दुई सय ५९ रुपैयाँ मात्र)" बेरुजुका सम्बन्धमा विस्तृत छलफल गरियो।

उक्त अनुदान रकम कुन पूर्वाधार/उत्पादन कार्यका लागि दिइएको हो, सो सम्बन्धी सम्झौता, माछा पोखरी निर्माण/सुदृढीकरणको प्राविधिक मूल्याङ्कन प्रतिवेदन, खरिद बिल, कार्य सम्पन्न प्रतिवेदन र जिन्सी आम्दानी विवरण लगायतका आवश्यक सम्पूर्ण भौतिक तथा वित्तीय प्रमाण कागजातहरू हाल यस समिति समक्ष पेस हुन आई भिडान कार्य सम्पन्न भएको छ। पेस भएका कागजातबाट अनुदान रकम लक्षित मत्स्य उत्पादन कार्यमै खर्च भएको र रकम हिनामिना नभएको पुष्टि हुन आएकोले श्री महालेखापरीक्षकको कार्यालयलाइ उक्त दफामा रहेको बेरुजु फछ्र्यौट गरिदिन हनु अनुरोध गर्ने निर्णय गरियो ।

साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ को भावना विपरीत भविष्यमा वितरणमुखी प्रकृतिका खर्चहरू नगर्न, नाफा कमाउने निजी फर्म वा कम्पनीहरूलाई विना प्रतिस्पर्धा वा ठोस पुंजी निर्माण नहुने गरी अनुदान उपलब्ध नगराउन र अनुदान कार्यविधि बनाई अनिबार्य रूपमा प्रतिफल र उत्पादनमा आधारित अनुदान मात्र प्रदान गर्न गाउँ कार्यपालिकालाइ ध्यानाकर्षण गराउने निर्णय समेत गरियो।

निर्णयनं ४

कार्यालय प्रयोजनका लागि वार्षिक सम्झौतामा रहेको भाडाको सवारी साधन पालिकाकै कामको सिलसिलामा दुर्घटना भएकोमा गाडीधनीलाई भुक्तानी गरिएको रु. ११,००,०००/- (एघार लाख रुपैयाँ) बेरुजुका सम्बन्धमा विस्तृत छलफल गरियो।

CamScanner

उक्त सवारी साधन एक श्रमजीवी मजदुरले रु. २५,००,०००/- मा किस्ताबन्दीमा खरिद गरी जीविकोपार्जन गरिरहेको र पालिकाको सेवामा रहँदा नै दुर्घटना भई पूर्ण क्षति भएको, तथा स्वीकृत बिमा दावीबाट अत्यन्त न्यून रकम मात्र प्राप्त भई निज मजदुर आर्थिक रूपमा पूर्णतः विस्थापित हुने अवस्था आएको मानवीय पक्ष र यथार्थतालाई मध्यनजर गरियो।

सोही विषयलाई सम्बोधन गर्न र स्थानीय नागरिक तथा श्रमिकको हित संरक्षणार्थ स्थानीय तहको सर्वोच्च विधायिकी अंग "गाउँ सभा" को १५ औ अधिवेशनबाट आर्थिक वर्ष २०८१।८२ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा नै उक्त दुर्घटना क्षतिपूर्तिका लागि रु. ११,००,०००/- स्पष्ट रूपमा बजेट विनियोजन भई कार्यपालिकाको निर्णयानुसार नियमसम्मत ढङ्गले भुक्तानी भएको प्रमाण पेस हुन आएको छ।

प्रारम्भिक सम्झौतामा दुर्घटनाको सर्त उल्लेख नभए तापनि सार्वभौम गाउँ सभाले विशेष परिस्थिति र मानवीय आधारमा बजेट विनियोजन गरी पारित गरिसकेको र सोही बजेटको परिधिभित्र रही खर्च भएको देखिएकाले यसमा सरकारी रकमको हिनामिना वा अख्तियारीको दुरुपयोग नभएको यस समितिको ठहर छ।

अतः गाउँ सभाबाट बजेट पारित भएको प्रमाण, कार्यपालिकाको निर्णय, सवारी दुर्घटनाको प्रहरी प्रतिवेदन, र बिमा कम्पनीबाट प्राप्त रकमको विवरण लगायतका सम्पूर्ण प्रमाण कागजातहरू प्रमाणित गरी महालेखापरीक्षकको कार्यालयको उक्त रु. ११,००,०००/- बेरुजु नियमित (फछ्र्यौट/लगत कट्टी) गर्न प्रमुख प्रशासकीय अधिकृतलाई सभाबाट लगत कट्टी गर्ने निर्देशन दिने साथै उक्त दफामा रहेको बेरुजु फछ्र्यौट गरिदिन हुन श्री महालेखापरीक्षकको कार्यालयलाइ अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ५

यस नौगाड गाउँपालिका को वडा नं. १ को जामिर साङपाङ सडक निर्माण योजनाको भिर कटिङ गरी सडक निर्माण गर्ने कार्यमा दररेट फरक परेको भनी महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएको रु. ५,८२,६०२/- (पाँच लाख बयासी हजार छ सय दुई रुपैयाँ मात्र) बेरुजुका सम्बन्धमा पेस भएका थप प्राविधिक, भौगोलिक र विधायीकीय (गाउँसभाको निर्णय) प्रमाणहरू माथि विस्तृत समीक्षा गरियो।

उक्त योजनाको पृष्ठभूमि र सान्दर्भिकता अध्ययन गर्दा, नौगाड गाउँपालिकाका ६ वटा वडाहरू मध्ये वडा नं. १ हालसम्म कुनै पनि प्रकारको यातायातको सुविधा नपुगेको भौगोलिक रूपमा सबैभन्दा विकट वडा हो। आम नागरिकलाई पहिलो पटक सडक सञ्जालमा जोड्ने गाउँपालिकाको बाध्यात्मक र गौरवको लक्ष्य अनुरुप सुरुमा नियमसम्मत ढंगले ठेक्का (e-Bidding) आह्वान गरिएकोमा, उक्त क्षेत्र अत्यन्तै कठीन, चट्टानी र माथिबाट ढुङ्गा खस्ने जोखिमयुक्त भिर भएकाले तथा ब्रेकर लगाई मेसिन पटक-पटक पछि (Back) हट्नुपर्ने गम्भीर प्राविधिक जटिलताका कारण ठेकेदार कम्पनी समेत सडक कटिङ कार्यमा सफल हुन नसकी ठेक्काको म्याद समाप्त भएको देखिन्छ।

तत्पश्चात्, नागरिकको मौलिक अधिकार र विकासको आवश्यकतालाई मध्यनजर गर्दै यस पालिकाको सर्वोच्च विधायिकी अंग "१५ औं गाउँसभा" को बैठकबाट विशेष बजेट शिर्षक अन्तर्गत रु. २०,००,०००/- (अक्षरूपी बीस लाख रुपैयाँ) विनियोजन गरी आफ्नै एक्साभेटर प्रयोग गरेर सडक पास गर्ने भनी नीतिगत निर्णय पारित भएको पाइयो।

प्राविधिक शाखाबाट जिल्ला दररेट निर्धारण समितिको दररेट बमोजिम उक्त कार्यको स्वीकृत लागत अनुमान (Approved Estimate) रु. १४,१२,६०८/- (चौध लाख बाह्र हजार छ सय आठ रुपैयाँ) तयार गरिएको भए तापनि, भिर कटिङको विशेष जटिलताका कारण गाउँपालिकाले सार्वजनिक कोषको उच्च मितव्ययितालाई ध्यानमा राखी आफ्नै स्वामित्वको एक्साभेटर परिचालन, इन्धन खरिद, मेसिन मर्मत र चालकको पारिश्रमिक समेत गरी कुल रु. १९,९५,२१०/- (अक्षरूपी उन्नाइस लाख पञ्चानब्बे हजार दुई सय दस रुपैयाँ) मात्र खर्च गरी उक्त चुनौतीपूर्ण र महत्वपूर्ण योजना सफलतापूर्वक सम्पन्न गरेको प्रमाण पेस हुन आएको छ।

गाउँसभाबाट विनियोजित सीमाभित्रै रही कार्य सम्पन्न भएको, कुनै आर्थिक हिनामिना वा अख्तियारीको दुरुपयोग नभई उल्टै बाध्यात्मक परिस्थितिका कारण विकट क्षेत्रका नागरिकले यातायातको अधिकार पाएको ऐतिहासिक तथ्य स्पष्ट प्रमाणित हुन्छ। महालेखाको प्रतिवेदनमा उल्लेख भएको कैफियत केवल अमानत कार्यको सैद्धान्तिक दररेट तुलनामा आधारित रहेको तर फिल्डको वास्तविक कार्य र १५ औं गाउँसभाको विशेष अधिकार अनुकूल नरहेको यस समितिको ठहर छ।

अतः १५ औं गाउँसभाको बजेट विनियोजनको निर्णय, कार्यपालिकाको मेसिन प्रयोग सम्बन्धी निर्णय, साविकको ठेक्का सम्बन्धी कागजात, प्राविधिक लगबुक, इन्धन तथा मर्मत खर्चको कुल रु. १९,९५,२१०/- को गोश्वरा भौचर र प्राविधिक कार्य सम्पन्न प्रतिवेदन लगायतका सम्पूर्ण प्रमाण कागजातहरू प्रमाणित गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिम महालेखाको उक्त रु. ५,८२,६०२/- बेरुजु लगत पूर्ण रूपमा नियमित (फछ्र्यौट/लगत कट्टी) गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो। साथै उक्त दफामा रहेको बेरुजु सम्परिक्षण मार्फत फछ्यौटको लागि श्री महालेखापरीक्षकको कार्यालयलाइ अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ६

यस गाउँ अन्तर्गत आर्थिक वर्ष २०८१।८२ को महालेखापरीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा ७३ मा औंल्याइएको "सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) तथा सम्झौताको सर्त बमोजिम निर्माण कार्य सम्पन्न भए पश्चात् 'एज बिल्ट ड्रइङ' (As-Built Drawing) पेस नभएको भनी असुल/रोक्का गर्न भनिएको रु. १२,०८,७३३.३० (अक्षरूपी बाह्र लाख आठ हजार सात सय तेत्तीस रुपैयाँ तीस पैसा मात्र)" बेरुजुका सम्बन्धमा विस्तृत छलफल गरियो।

५

उक्त योजनाको सम्बन्धमा सम्बन्धित निर्माण व्यवसायीबाट खरिद सम्झौताको मर्म र प्राविधिक आवश्यकता अनुरूपको "एज बिल्ट ड्रइङ" (As-Built Drawing) हाल पालिकाको प्राविधिक शाखामा पेस भइसकेको र प्राविधिक कर्मचारी (इन्जिनियर) बाट उक्त नक्सा फिल्डको वास्तविक संरचना (Structures) बमोजिम नै सही रहेको भनी प्रमाणित भइसकेको आधिकारिक प्रमाण कागजात यस समिति समक्ष पेस हुन आई भिडान कार्य सम्पन्न भएको छ।

महालेखाले औंल्याएको कानुनी प्रकृया र प्राविधिक कागजातको आवश्यकता हाल पूर्ण रूपमा पूरा भइसकेको र राज्यकोषको रकम हिनामिना नभएको स्पष्ट पुष्टि हुन आएको छ।

अतः पेस हुन आएको स्वीकृत एवं प्रमाणित 'एज बिल्ट ड्रइङ' (As-Built Drawing) र प्राविधिक शाखाको प्रतिवेदनलाई आधार मानी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिम उक्त रु. १२,०८,७३३.३० को बेरुजु लगत पूर्ण रूपमा नियमित (फछ्र्यौट/लगत कट्टी) गर्न प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखलाई निर्देशन दिने निर्णय गरियो। साथै, भविष्यमा निर्माण कार्यको अन्तिम फरफारक (Final Bill) गर्नु अगावै अनिवार्य रूपमा यस्ता प्राविधिक नक्साहरू प्राप्त गरेर मात्र लेखापरीक्षण गराउन आर्थिक प्रशासन र प्राविधिक शाखालाई सचेत गराउने निर्णय समेत गरियो।

निर्णय नं. ७

महालेखापरीक्षकको प्रतिवेदन २०८१।८२ दफा ७४ मा यस नौगाड गाउँपालिका अन्तर्गत विभिन्न ४ वटा निर्माण योजनाहरूमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ विपरीत कम अवधिको बीमा गराएको भन्दै समानुपातिक रूपमा कट्टा गरी असुल गर्नुपर्ने भनिएको कुल रु. ३,८६,८८७.३५ (अक्षरूपी तीन लाख छयासी हजार आठ सय सत्ताइस रुपैयाँ पैंतीस पैसा मात्र) बेरुजुका सम्बन्धमा पेस भएका वास्तविक भुक्तानी र धरौटी विवरण माथि विस्तृत छलफल गरियो।

उक्त योजनाहरूको प्राविधिक बिल र आर्थिक प्रशासन शाखाको लेजर अध्ययन गर्दा, निर्माण व्यवसायीहरूले जति अवधिको र जति रकमको बीमा पोलिसी पेस गरेका थिए, प्राविधिक बिलमा सोही बमोजिम मात्र समानुपातिक रकम भुक्तानी दिइएको र बढी भुक्तानी नभएको पाइयो। महालेखाले औंल्याएको कम अवधि बापतको रकम (क्रमशः रु. ६,७३०.१३, रु. १२,४९३.२८, रु. १८,०३६.२१, र रु. ३,४९,६२७.७३) हालसम्म पनि भुक्तानी नभई गाउँपालिकामा रहेको सम्बन्धित निर्माण व्यवसायीहरूको धरौटी खाता (Retention Money Account) मा नै सुरक्षित रूपमा रोक्का (Withhold) रहेको प्रमाण पेस हुन आएको छ।

अतः सरकारी रकमको कुनै हिनामिना वा बढी भुक्तानी नभएको यथार्थ पुष्टि भएकाले, महालेखापरीक्षकको कार्यालयको वित्तीय कैफियत मर्म बमोजिम देहायका निर्माण व्यवसायीहरूको धरौटी रकम फिर्ता (फरफारक) गर्ने समयमा उल्लेखित रकम अनिवार्य रूपमा धरौटी कट्टी (Retention Money Deduction) गरी

गाउँपालिकाको संचित कोषमा स्थायी रूपमा दाखिला गर्न प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखलाई निर्देशन दिने निर्णय गरियोः

I. श्री लटबाव निर्माण सेवा (भौचर २४) को धरौटीबाट कट्टी गर्नेः रु. ६,७३०.१३
II. धौलपुर निर्माण सेवा (भौचर ३९०) को धरौटीबाट कट्टी गर्नेः रु. १२,४९३.२८
III. लटबाब निर्माण सेवा (भौचर १२२) को धरौटीबाट कट्टी गर्नेः रु. १८,०३६.२१
IV. धुलिखेल-एल बी. एड एब. जेभी को धरौटीबाट कट्टी गर्नेः रु. ३,४९,६२७.७३

यसरी कम अवधि बापतको कुल रकम रु. ३,८६,८८७.३५ व्यवसायीहरूको धरौटी रकमबाट कट्टी गरी राजस्व दाखिला गरिने सुनिश्चितता (प्रमाण) भएकाले, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिम महालेखाको उक्त बेरुजु लगत पूर्ण रूपमा नियमित (फछ्र्यौट/लगत कट्टी) गर्न सम्परीक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा पठाउने निर्णय गरियो।

निर्णय नं. ८

यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को महालेखापरीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा ७५ मा औंल्याइएको "जिल्ला प्रशासन कार्यालय, डडेल्धुराको स्वीकृत जिल्ला दररेट (रु. ८,६००/-) भन्दा वढी प्रतिघार रु. १२,०००/- का दरले श्री आलीताल मौरीघार उद्योगलाई भुक्तानी गरी सरकारी कोषमा नोक्सानी पुन्याइएको रु. १७,०००/- (अक्षरूपी सत्र हजार रुपैयाँ मात्र)" बढी भुक्तानी (वेरुजु) असुलउपर गर्ने सम्वन्धमा विस्तृत छलफल गरियो।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) विपरीत जिल्ला दररेट भन्दा बढी प्रतिघार रु. ३,४००/- का दरले ५ घारको कुल रु. ६०,०००/- भुक्तानी गरिएको र सो बढी भुक्तानी हुनुको कुनै विशेष प्राविधिक कारण वा कार्यपालिकाको विशेष नीतिगत आधार नदेखिएको हुँदा यो बैठक देहाय बमोजिमको निर्णय गर्दछः

i. सम्वन्धित फर्मबाट असुल गर्नेः नियम विपरीत बढी भुक्तानी लिएको उक्त रु. १७,०००/- (सत्र हजार रुपैयाँ) यो निर्णय भएको मितिले ३५ (पन्ध्र) दिनभित्र सम्वन्धित रकम प्राप्त गर्ने व्यवसायी/फर्म (श्री आलीताल मौरीघार उद्योग) बाट अनिवार्य रूपमा असुलउपर गरी गाउँपालिकाको सरकारी संचित कोषमा दाखिला गर्न लगाउने निर्णय गरियो।

ii. जिम्मेवार अधिकारीबाट असुल गर्नेः यदि तोकिएको ३५ दिनको अवधिभित्र सम्वन्धित फर्मबाट रकम असुल नभएमा, जिल्ला दररेट संसोधन नगरी वा चेकजाँच नगरी बढी रकम भुक्तानी आदेश स्वीकृत गरि खरिद गर्ने उद्यम शाखा प्रमुख बाट असुली बेरुजु (लगत) कायम गरी निजहरूको तलब वा अन्य सुविधाबाट कट्टा गरी असुली प्रक्रिया टुङ्ग्याउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

iii. सम्परीक्षण प्रक्रिया: उक्त रु. १७,०००/- को बैंक दाखिला भौचर प्राप्त भए पश्चात् सोको प्रतिलिपि र लेखा समितिको यो निर्णय प्रमाणित गरी महालेखापरीक्षकको कार्यालयमा बेरुजु लगत कट्टी (सम्परीक्षण) का लागि पठाउने निर्णय गरियो।

निर्णय नं ९

महालेखापरीक्षकको प्रतिवेदन २०८१।८२ दफा ७८(१) यस गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा विभिन्न ४३ वटा सामुदायिक विद्यालयहरूलाई छात्रवृत्ति बापत गोश्वरा भौचर नं. २८८ मिति २०८२।०२।२८ बाट निकासा गरेको रु. ४,९६,०००/- (अक्षरूपी चार लाख छयानव्वे हजार रुपैयाँ मात्र) को सम्बन्धमा महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएको कैफियत उपर विस्तृत छलफल गरियो।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.११.१ मा तोकिएको दररेट (प्रति छात्र/दलित रु. ४००) भन्दा फरक दर कायम गरी विद्यालयहरूलाई दामासाही रूपमा वितरण गरिएको देखिए तापनि, सम्वन्धित ४३ वटै विद्यालयहरूका वास्तविक लक्षित छात्र र दलित विद्यार्थीहरूको सङ्ख्या (IEMIS डेटा अनुसार) र उनीहरूले नियमानुसार छात्रवृत्ति रकम प्राप्त गरिसकेको सम्वन्धित विद्यालयको वितरण भरपाई र कार्य सम्पन्न प्रतिवेदन हाल शिक्षा शाखा मार्फत यस समिति समक्ष पेस हुन आई भिडान कार्य सम्पन्न भएको छ। पालिकाबाट विनियोजित कुल सीमा रु. ४,९६,०००/- भित्रै रही लक्षित विद्यार्थीहरूमाझ नै रकम पुगेको र सार्वजनिक कोषको हिनामिना नभएको पुष्टि हुन आएको छ।

अतः वास्तविक विद्यार्थीहरूले नै रकम प्राप्त गरेको प्रमाणित विद्यालयगत भरपाई र शिक्षा शाखाको प्रतिवेदनलाई आधार मानी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन वमोजिम उक्त रु. ४,९६,०००/- छात्रवृत्ति बेरुजु रकम पूर्ण रूपमा नियमित (फछ्र्यौट) गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

साथै, भविष्यमा संघीय सरकार वा केन्द्रबाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिकाको मापदण्ड, दररेट र प्रक्रिया अक्षरशः पालना गरेर मात्र वजेट निकासा गर्न र अनिवार्य रूपमा शिक्षा अधिकृतबाट प्रमाणित IEMIS विवरणका आधारमा मात्र भुक्तानी प्रक्रिया अगाडि बढाउन गाउँपालिकाको शिक्षा शाखा र आर्थिक प्रशासन शाखालाई सचेत गराउने (ध्यानाकर्षण गराउने) निर्णय समेत गरियो।

निर्णय नं.१०

यस गाउँपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको निष्क्रिय (Dormant) खातामा रहेको रकम संघीय संचित कोपमा फिर्ता नगरेको भनी महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएको रु. २,११,४४९.६० (अक्षरूपी दुई लाख एघार हजार चार सय उनन्चास रुपैयाँ साठ्ठी पैसा मात्र) बेरुजुका सम्बन्धमा विस्तृत छलफल गरियो।

CamScanner

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा नं. २६ र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.न. ६७ मिति २०८१।०६।०६ को परिपत्र बमोजिम ३ वर्षभन्दा बढी अवधिदेखि कारोबार नभई निष्क्रिय रहेका खाताहरूको रकम संघीय कोषमा दाखिला गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। ग्लोबल आइ.एम.इ. बैंक लिमिटेडको च.न. GIBL/S4/OPR/05/082/083 मिति २०८२।०५।२० को प्राप्त विवरण अनुसार ९१ जना लाभग्राहीहरूको निष्क्रिय खातामा ब्याज सहित कुल रु. २,११,४४९.६० मौज्दात रहेको प्रमाणित हुन आएको छ।

अतः लामो समयसम्म उपयोग नभएको र कानुनी रूपमा संघीय कोषमै फिर्ता जानुपर्ने प्रकृतिको रकम भएकाले, उक्त रु. २,११,४४९.६० (ब्याज सहितको रकम) ग्लोबल आइ.एम.इ. बैंकसँग समन्वय गरी तुरुन्त गाउँपालिकाको विविध खर्च खातामा तान्न लगाउने र सो रकम यो निर्णय भएको मितिले ३५ (पैंतिस) दिनभित्र अनिवार्य रूपमा संघीय संचित कोष (नेपाल सरकारको राजस्व खाता) मा फिर्ता दाखिला (रकमान्तर) गर्न प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखलाई कडा निर्देशन दिने निर्णय गरियो।

साथै, उक्त रकम संघीय कोषमा दाखिला भएको बैंक भौचर प्राप्त भए पश्चात् सोको प्रतिलिपि र बैंकको विवरण संलग्न गरी महालेखापरीक्षकको कार्यालयमा यो बेरुजु सम्परीक्षण (लगत कट्टी) का लागि पठाउने निर्णय गरियो। भविष्यमा यसरी ३ वर्षभन्दा बढी समय निष्क्रिय रहेका सामाजिक सुरक्षाका खाताहरू प्रत्येक आर्थिक वर्षको अन्त्यमा बुझि अनिवार्य रूपमा समयमै दाखिला गर्न पञ्जीकरण तथा आर्थिक प्रशासन शाखालाई सचेत गराउने निर्णय समेत गरियो।

<u>निर्णयनं ११</u>

सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९ को अनुसूची-९ को विपरीत कृषकहरूको ५० प्रतिशत योगदान समावेश नगरी कृषि औजार तथा उपकरण (मिनी टिलर, थ्रेसर, कुटानी पिसानी मिल आदि) खरिद गरी वितरण गर्दा बढी भुक्तानी भएको भनी विभिन्न ४ वटा कृषक समूहहरूबाट अनुपातिक रूपमा असुल गर्नुपर्ने भनिएको कुल रु. ७,४०,७२१/- (अक्षरूपी सात लाख चालिस हजार सात सय इक्काइस रुपैयाँ मात्र) बेरुजुका सम्बन्धमा विस्तृत छलफल गरियो।

उक्त योजनाहरूको स्वीकृत बजेट, कार्यपालिकाको निर्णय र कृषक समूहहरूको वस्तुस्थिति अध्ययन गर्दा देहाय बमोजिमको कानुनी र व्यावहारिक यथार्थता पाइयोः

i. बजेटको प्रकृति र स्थानीय स्वायत्तताः उक्त कृषि औजार खरिदका लागि विनियोजित बजेट सङ्घीय वा प्रदेश सरकारको सशर्त अनुदान नभई यस नौगाड गाउँपालिकाको आफ्नै आन्तरिक स्रोत र गाउँसभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतको रकम रहेको प्रमाणित हुन आएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को भावना बमोजिम आफ्नो आन्तरिक स्रोतको बजेट लक्षित वर्गको हितमा परिचालन गर्ने अधिकार स्थानीय सरकारमा निहित रहेको छ।

3

ii. कृषकहरूको विपन्नता र भौगोलिक विकटता: अनुदान प्राप्त गर्ने फुलबारी महिला कृषक समूह, सुलसुले टोल महिला कृषक समूह, जागरूक कृषक आमा समूह लगायतका कृषकहरू अत्यन्तै विपन्न, गरिब र आर्थिक रूपमा नाजुक परिवारका रहेका छन्। यस विकट भौगोलिक क्षेत्रमा गरिब एवं महिला कृषकहरूलाई ५० प्रतिशत रकम साझेदारी (योगदान) व्यहोर्न लगाउँदा उनीहरू कृषि आधुनिकीकरण र प्रविधिको उपयोगबाट पूर्ण रूपमा वञ्चित हुने बाध्यात्मक परिस्थिति रहेको देखिन्छ।

iii. गाउँसभाको नीतिगत निर्णय: दुर्गम क्षेत्रका गरिब तथा महिला कृषकहरूलाई व्यावसायिक कृषिमा आकर्षित गरी जीविकोपार्जनमा सुधार ल्याउन गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र कार्यपालिकाको निर्णय बमोजिम नै आवश्यक्ताका आधारमा शतप्रतिशत (१००%) अनुदान स्वीकृत गरी उपकरणहरू वितरण गरिएको र सामानहरू फिल्डमा शतप्रतिशत दाखिला भई सञ्चालनमा रहेको कृषि शाखाको प्रतिवेदनबाट पुष्टि भएको छ।

अत: आन्तरिक स्रोतको बजेटबाट विपन्न नागरिकको हितका लागि स्थापित न्यायिक सिद्धान्त र गाउँसभाको नीतिगत निर्णय बमोजिम कार्य सम्पन्न भई लक्षित वर्गले प्रत्यक्ष लाभ पाएको र यसमा सरकारी रकमको कुनै हिनामिना नभएको स्पष्ट प्रमाणित भएकाले; गाउँसभाको बजेट स्वीकृतिको प्रतिलिपि, कार्यपालिकाको निर्णय, कृषि शाखाको कार्य सम्पन्न एवं वितरण प्रतिवेदन, र समूहहरूको सम्झौता पत्र लगायतका सम्पूर्ण प्रमाण कागजातहरू प्रमाणित गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिम महालेखाको उक्त कुल रु. ७,४०,७२१/- को असुली बेरुजु लगत पूर्ण रूपमा नियमित (फछ्र्यौट/लगत कट्टी) गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

आ.व. २०८०।०८१ महालेखापरीक्षकको प्रतिवेदनको दफावार छलफल सम्बन्धमा

निर्णय नं. १

आर्थिक वर्ष २०८०।८१ महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनको दफा ७२ मा"धुलिगडाखोला काठाबगर तटबन्ध निर्माण" आयोजनामा कार्य सम्पन्न भए पश्चात् सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) बमोजिम 'एज विल्ट नक्सा' (As-Built Drawing) पेस नभएको भनी जगन्नाथ आर. बि. कन्स्ट्रक्सन प्रा. लि. को नाममा औंल्याइएको रु. २०,०००/- (अक्षरूपी बीस हजार रुपैयाँ मात्र) बेरुजु/जरिवानाका सम्बन्धमा विस्तृत छलफल गरियो।

उक्त योजनाको सम्बन्धमा गाउँपालिकाका प्राविधिकहरू (इन्जिनियर तथा प्राविधिक टोली) को आधिकारिक राय तथा खरिद सम्झौताका सर्तहरू अध्ययन गरियो। उक्त आयोजना नदी नियन्त्रण कार्य अन्तर्गत ग्याबियन तथा ढुङ्गा भरिने तटबन्ध (Linear River Training Work) प्रकृतिको योजना रहेको देखिन्छ। प्रचलित खरिद कानुन र इन्जिनियरिङ मापदण्ड अनुसार यस्ता संरचनाहरूमा सुरुको स्वीकृत ड्रइङ/डिजाइन र नापी किताब (Measurement Book) नै अन्तिम वास्तविक संरचनाको नाप हुने भएकाले, भवन वा जटिल पूर्वाधारमा जस्तो बेग्लै 'एज विल्ट ड्रइङ' तयार पारिरहनु पर्ने प्राविधिक बाध्यात्मकता रहँदैन।

उक्त तटबन्ध योजना स्वीकृत ड्रइङ र स्टिमेटको परिधिभित्र रही पूर्ण रूपमा सम्पन्न भइसकेको, नापी किताब (M.B.) र कार्य सम्पन्न प्रतिवेदन प्राविधिक शाखाबाट प्रमाणित भइसकेको यथार्थ बुझिन आएको छ। तसर्थ, महालेखाको प्रतिवेदनमा प्राविधिक संरचनाको प्रकृति फरक पर्दापर्दै सैद्धान्तिक रूपमा मात्र यो बेरुजु कायम हुन गएको यस समितिको ठहर छ।

अतः प्राविधिक शाखाको राय, स्वीकृत ड्रइङ-डिजाइन, नापी किताब (M.B.) र कार्य सम्पन्न प्रतिवेदनलाई आधिकारिक प्रमाण मानी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिम उक्त रु. २०,०००/- को बेरुजु/जरिवाना लगत पूर्ण रूपमा नियमित (फछ्र्यौट/लगत कट्टी) गर्ने निर्णय गरियो।

निर्णय नं.२

आर्थिक वर्ष २०८०।८१ कर कट्टा नगरेको दफा ३१ मा आयकर ऐन, २०५८ को दफा ८ र ८८ विपरीत जग्गा वर्गीकरण कार्यमा खटिएका नापी विभागका नापी अधिकृत श्री राम जोशी र सर्भेक्षक श्री पुरुषोत्तम साउदलाई भुक्तानी गरिएको रु. २,००,०००/- मा नियमानुसार १५% कर कट्टा नगरेको भनी असुल गर्न औंल्याइएको रु. २८,०००/- (अक्षरूपी अट्ठाइस हजार रुपैयाँ मात्र) बेरुजुका सम्वन्धमा विस्तृत छलफल गरियो।

उक्त योजनाको विशिष्ट पृष्ठभूमि, भौगोलिक जटिलता र पालिकाको रणनीतिक उपलब्धिका सम्बन्धमा देहाय बमोजिमको यथार्थतालाई मध्यनजर गरियोः

i. भौगोलिक बाध्यात्मकता र प्राविधिक परिचालनः नेपाल सरकारको संघीय राजधानी काठमाडौंबाट यस सुदूरपश्चिम प्रदेशको दुर्गम तथा विकट जिल्ला दार्चुला अन्तर्गतको नौगाड गाउँपालिकामा जग्गा वर्गीकरण जस्तो जटिल प्राविधिक कार्यका लागि नापी विभागका विज्ञ प्राविधिकहरूलाई आमन्त्रण गरिएको थियो। निजहरूले आफ्नो ज्यानको जोखिम मोल्दै यस पालिकाका सम्पूर्ण ६ वटै वडाहरूको कठीन फिल्डमा अहोरात्र खटिएर कार्य सम्पन्न गरेको ऐतिहासिक यथार्थ सर्वविदितै छ।
ii. ऐतिहासिक सफलता र सार्वजनिक औचित्यः उक्त प्राविधिक टोलीको अथक मिहिनेतका कारण नौगाड गाउँपालिका दार्चुला जिल्लाकै जग्गा वर्गीकरणको कार्य सफलतापूर्वक सम्पन्न गर्ने "पहिलो पालिका" बन्न सफल भएको छ। यस ऐतिहासिक कार्यले गर्दा पालिकाभित्रका आम गरिब तथा विपन्न जग्गाधनी र सर्वसाधारण नागरिकहरूलाई भूमि सम्वन्धी प्रशासनिक र कानुनी कामहरूमा ठूलो सहजता र राहत मिलेको छ।
iii. कर कट्टीको प्राविधिक पक्षः निज प्राविधिकहरूलाई भुक्तानी गरिएको रकम नियमित मासिक रोजगारीको आय नभई कठीन भौगोलिक क्षेत्रमा खटिए बापतको विशेष भत्ता/सुविधा भएको, र निजहरूको नागरिक लगानी कोष, नागरिक बचतवृद्धि बीमा लगायतका प्रचलित कानुनी छुटहरूको समायोजन पश्चात्

नियमानुसार १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टा गरी भुक्तानी दिइएको आर्थिक प्रशासन शाखा र प्राविधिक शाखाको प्रतिवेदनबाट स्पष्ट हुन आएको छ।

अतः नौगाड गाउँपालिकालाई जिल्लाकै पहिलो जग्गा वर्गीकरण सम्पन्न पालिका बनाउने रणनीतिक जनहितको गौरवपूर्ण कार्य सम्पन्न भएको, र प्राविधिकहरूको कानुनी छुट तथा दुर्गम भौगोलिक अवस्थितिका आधारमा रीतपूर्वक नै १% सामाजिक सुरक्षा कर कट्टा गरिएको पुष्टि भएकाले; कार्यपालिकाको प्राविधिक आमन्त्रण सम्बन्धी निर्णय, जग्गा वर्गीकरण सम्पन्न भएको आधिकारिक प्रतिवेदन, र १% कर कट्टा गरिएको गोश्वरा भौचर लगायतका सम्पूर्ण प्रमाण कागजातहरू प्रमाणित गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिम महालेखाको उक्त रु. २८,०००/- को असुली बेरुजु लगत पूर्ण रूपमा नियमित (फछ्र्यौट/लगत कट्टी) गर्ने निर्णय गरियो।

निर्णय नं. ३

आर्थिक वर्ष २०८०।८१ न्यानो झोला खरिद दफा ५७ मा यस नौगाड गाउँपालिका अन्तर्गत आमा सुरक्षा कार्यक्रमका लागि न्यानो झोला खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ विपरीत न्यूनतम कोटेशन दर भन्दा बढी दरमा भुक्तानी भएको भनी एम. एस. सप्लायर्सको नाममा औंल्याइएको रु. ४३,७७०/- (अक्षरूपी तिर्सठ्ठी हजार सात सय सत्तरी रुपैयाँ मात्र) बेरुजुका सम्बन्धमा विस्तृत छलफल गरियो।

उक्त खरिद प्रक्रियाको सक्कल फाइल, कोटेशन माग फारम, एम. एस. सप्लायर्सको वास्तविक दररेट प्रस्ताव र जिन्सी दाखिला प्रतिवेदन माथि पुनः जाँचबुझ र समीक्षा गरियो। समीक्षाका क्रममा एम. एस. सप्लायर्ससँग भएको खरिद सम्झौता र भुक्तानी भएको दररेट प्रतिझोला रु. ८८४/- (भ्याट बाहेक) नै वास्तविक रूपमा सही रहेको पाइयो। तर, सुरुमा दररेट विश्लेषण (Quotation Evaluation) र दर्ता गर्ने क्रममा प्रशासनिक शाखाबाट भुलवश प्रतिझोला दर रु. ७९६.४६ प्रविष्टि (Type) हुन गएको र सोही त्रुटिपूर्ण प्रविष्टिका कारण अन्य दुई फर्महरूको तुलनात्मक दररेटमा प्राविधिक भिन्नता देखिन गई यो बेरुजु सिर्जना हुन गएको यथार्थ पुष्टि हुन आएको छ।

हाल उक्त भुलवश प्रविष्टि भएको दररेट सच्याई स्वीकृत प्रस्ताव बमोजिमकै दररेटमा ५०० थान न्यानो झोला नियमानुसार खरिद भई स्वास्थ्य शाखा मार्फत लक्षित आमा तथा शिशुहरूमा पूर्ण रूपमा वितरण भइसकेको र राज्यकोषबाट स्वीकृत दर भन्दा बढी भुक्तानी नभएको स्वास्थ्य शाखा र आर्थिक प्रशासन शाखाको संशोधित प्रतिवेदनबाट प्रमाणित भएको छ।

अतः सुरुको प्राविधिक मूल्यांकन फारममा भएको टाइपिङ त्रुटि सुधार भई एम. एस. सप्लायर्सको सक्कल कोटेशन प्रस्ताव (रु. ८८४/-), संशोधित दररेट तालिका, जिन्सी आम्दानी तथा वितरण भरपाई लगायतका सम्पूर्ण आधिकारिक प्रमाण कागजातहरू यस समिति समक्ष पेस हुन आई भिडान कार्य सम्पन्न भएकाले; आर्थिक

कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिम महालेखाको उक्त रु. ४३,७७०/- को असुली बेरुजु लगत पूर्ण रूपमा नियमित (फछ्र्यौट/लगत कट्टी) गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो। साथै, भविष्यमा कोटेशन दररेट मूल्यांकन गर्दा र सफ्टवेयरमा प्रविष्टि गर्दा यस्ता गम्भीर टाइपिङ त्रुटिहरू हुन नदिन आर्थिक प्रशासन र स्वास्थ्य शाखालाई सचेत गराउने निर्णय समेत गरियो।

आ.व.२०७९।०८० महालेखापरीक्षकको प्रतिवेदनको दफावार छलफल सम्बन्धमा

<u>निर्णय नं.४</u>

आर्थिक वर्ष २०७९।८० प्रधानमन्त्री रोजगार कार्यक्रम दफा २४(२) मा यस नौगाड गाउँपालिका को वडा नं. १ (इयरकोट) मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित "अल्लो प्रशोधनका लागि घर निर्माण" आयोजनामा दर विश्लेषण भन्दा बढी दर कायम गरी भुक्तानी भएको भनी औंल्याइएको रु. ३१,२२६/- (अक्षरूपी एकतीस हजार दुई सय छब्बीस रुपैयाँ मात्र) बेरुजुका सम्बन्धमा गोश्वरा भौचर नं. २७९ मिति २०८२।०२।११ को सक्कल फाइल र प्राविधिक प्रतिवेदन माथि विस्तृत छलफल गरियो।

उक्त योजनाको विशिष्ट पृष्ठभूमि, भौगोलिक स्थिति र कार्यक्रमको मर्म अध्ययन गर्दा देहाय बमोजिमको यथार्थता पाइयो:

I. सडक सञ्जालविहीन विकटता: नौगाड गाउँपालिकाका ६ वटा वडाहरू मध्ये वडा नं. १ (इयरकोट) हालसम्म कुनै पनि प्रकारको सडक सञ्जालले नछोएको भौगोलिक रूपमा अत्यन्तै विकट क्षेत्र रहेको छ। निर्माण स्थलमा सडकको पहुँच नभएका कारण सुख्खा ढुङ्गाको पर्खाल निर्माणका लागि ढुङ्गा फुटाउने/ढुवानी गर्ने, मेटल तथा लोकल काठका झ्याल ढोकाहरू मानिस वा खच्चड मार्फत बोकाएर निर्माण स्थलसम्म पुऱ्याउनु पर्ने बाध्यात्मक परिस्थिति रहेको थियो।

II. प्राविधिक दर विश्लेषणको यथार्थता: सडक पहुँच नभएको उक्त विकट क्षेत्रको वास्तविक ढुवानी (Lead/Lift) र कठीन श्रम परिस्थितिका कारण प्राविधिक शाखाले फिल्डको आवश्यकता अनुसार दर विश्लेपण (Rate Analysis) तयार गरी कार्य सञ्चालन गराएको देखिन्छ। सामान्य सुगम क्षेत्रको दररेटसँग तुलना गर्दा सुख्खा ढुङ्गाको पर्खाल, मेटल र काठको झ्याल ढोकामा केही फरक दर देखिन गए तापनि भौतिक रूपमा अल्लो प्रशोधन भवन पूर्ण निर्माण भई लक्षित कार्यक्रम सम्पन्न भइसकेको प्रमाण पेस हुन आएको छ।

III. रोजगार प्रवर्द्धन: यो आयोजना प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय विपन्न तथा बेरोजगार नागरिकहरूलाई न्यूनतम रोजगारी प्रदान गरी स्थानीय अल्लो उत्पादनलाई व्यवसायिक बनाउन निर्माण गरिएको हुँदा, यसमा कुनै बढी भुक्तानी वा आर्थिक हिनामिना नभई बाध्यात्मक भौगोलिक विकटताका कारण वास्तविक लागत खर्च भएको यस समितिको ठहर छ।

अतः १५ औं गाउँसभाको नीति, प्रधानमन्त्री रोजगार कार्यक्रमको मर्म, कार्यपालिकाको निर्णय, प्राविधिक शाखाको कार्य सम्पन्न प्रतिवेदन र नापी किताब (M.B.) लगायतका सम्पूर्ण प्रमाण कागजातहरू प्रमाणित गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिम महालेखाको उक्त रु. ३१,२२६/- को असुली बेरुजु लगत पूर्ण रूपमा नियमित (फछ्र्यौट/लगत कट्टी) गर्ने निर्णय गरियो। साथै, भविष्यमा यस्ता विकट क्षेत्रका योजनाहरूको लागत अनुमान तयार गर्दा सुरुमै ढुवानी र विकटताको प्राविधिक दर विश्लेषण स्पष्ट रूपमा समावेश गर्न प्राविधिक शाखालाई सचेत गराउने निर्णय समेत गरियो।

निर्णय नं.५

आर्थिक वर्ष २०७९।८० महालेखापरीक्षकको प्रतिवेदन को दफा ३७ मा यस नौगाड गाउँपालिका को वडा नं. ३ मा सञ्चालित "तल्ला जमिर ढल निकास योजना" को फाउन्डेसन ढलान (M20) कार्यमा दर विश्लेषण फरक परी बढी भुक्तानी भएको भनिएको रु. ८५,५४०/- (अक्षरूपी पचासी हजार पाँच सय चालिस रुपैयाँ मात्र) बेरुजुका सम्बन्धमा प्राविधिक शाखाको प्रतिवेदन र नापी किताब (M.B.) माथि विस्तृत छलफल गरियो।

उक्त योजनाको भुक्तानी फाइल अध्ययन गर्दा, जिल्ला दररेटको सामान्य दर रु. १७,०५९/- सुगम र सडक पहुँच भएको क्षेत्रका लागि निर्धारण भएको पाइयो। तर, यस योजनाको निर्माण स्थल (तल्ला जमिर) मा सडकको पहुँच नभएको, खर्क र भिरको बाटो भई सिमेन्ट, बालुवा र गिट्टी जस्ता गहुँगो निर्माण सामग्रीहरू मानिस तथा खच्चड मार्फत अतिरिक्त ढुवानी (Lead/Lift) गरी पुऱ्याउनुपर्ने बाध्यात्मक परिस्थिति रहेको देखिन्छ। सोही विशिष्ट भौगोलिक कठीनता र ढुवानी लागतका कारण प्राविधिक शाखाले स्वीकृत नर्म्स बमोजिम नै थप ढुवानी दर समावेश गरी प्रति घनमिटर रु. १९,७८३.४६ को दर विश्लेषण (Revised Rate Analysis) स्वीकृत गरी कार्य गराएको पुष्टि हुन आएको छ। फिल्डमा ३१.४ घनमिटर ढलान कार्य पूर्ण गुणस्तरका साथ सम्पन्न भइसकेको प्राविधिक कार्य सम्पन्न प्रतिवेदन र नापी किताबबाट देखिन्छ।

अतः भौगोलिक बाध्यात्मकता र नियमसम्मत ढुवानी लागत थप भई यथार्थ खर्च भएको प्रमाणित भएकाले, पेस भएका संशोधित लागत अनुमान र प्राविधिक प्रतिवेदनलाई आधार मानी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिम महालेखाको उक्त रु. ८५,५४०/- को असुली बेरुजु लगत पूर्ण रूपमा नियमित (फछ्र्यौट) गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.६

महालेखापरीक्षकको प्रतिवेदन २०७९।८० दफा ४० मा यस नौगाड गाउँपालिका को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत "विजय बचत तथा ऋण सहकारी संस्था" को भवन निर्माण कार्य [illegible] लागि भुक्तानी गरिएको रु. ४,७८,१५९/- (अक्षरूपी चार लाख अठहत्तर हजार एक सय उनन्साठ्ठी रुपैयाँ मात्र) बेरुजुका सम्बन्धमा पेस भएका प्राविधिक प्रतिवेदन, सम्झौता र गाउँसभाको निर्णय माथि विस्तृत छलफल गरियो।

CamScanner

उक्त योजनाको कानुनी र व्यावहारिक पक्ष अध्ययन गर्दा, नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको आर्थिक विकासको तीन खम्बे (सार्वजनिक, निजी र सहकारी) नीति अनुरूप स्थानीय नागरिकहरूको वित्तीय पहुँच र आर्थिक सुदृढीकरणका लागि यो सहकारी संस्था समुदायमा आधारित भई पूर्ण रूपमा स्थानीय सेयरधनीहरूको हितमा सञ्चालित रहेको पाइयो। यो संस्था कुनै निश्चित व्यक्तिको निजी नाफामूलक कम्पनी नभई स्थानीय विपन्न नागरिकहरूको आर्थिक उत्थानमा कार्यरत साझा संस्था हो।

उक्त भवन निर्माणका लागि गाउँसभाको वार्षिक बजेट तथा कार्यक्रममा स्पष्ट रूपमा पूँजीगत अनुदान विनियोजन भई, नियमानुसार प्राविधिक शाखाबाट स्वीकृत लागत अनुमान (Estimate), कार्यपालिकाको निर्णय, सम्झौता र उपभोक्ता समिति/निर्माण प्रकृया मार्फत भवन निर्माण कार्य भौतिक रूपमा शतप्रतिशत सम्पन्न भइसकेको प्रमाण पेस हुन आएको छ। उक्त भवन पालिकाकै सम्पत्तिको रूपमा स्थानीय नागरिकको वित्तीय सेवाका लागि उपयोग भइरहेको र यसमा सरकारी रकमको दुरुपयोग नभएको पुष्टि हुन आएको छ।

अतः गाउँसभाको बजेट विनियोजनको निर्णय, सहकारी संस्थाको दर्ता तथा नवीकरणको कानुनी प्रमाण, प्राविधिक शाखाको कार्य सम्पन्न प्रतिवेदन र नापी किताब (M.B.) लगायतका सम्पूर्ण प्रमाण कागजातहरू प्रमाणित गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिम महालेखाको उक्त रु. ४,७८,१५९/- को बेरुजु लगत पूर्ण रूपमा नियमित (फछ्र्यौट/लगत कट्टी) गर्ने निर्णय गरियो। साथै, भविष्यमा सहकारी क्षेत्रलाई यस्ता पूँजीगत अनुदान दिंदा पालिकाको स्वामित्व वा साझेदारी सर्तहरू सम्झौतामै स्पष्ट खुलाउन आर्थिक प्रशासन र योजना शाखालाई निर्देशन दिने निर्णय समेत गरियो।

निर्णय नं.७

जग्गा धनी पुर्जा दफा ४४ आर्थिक वर्ष २०७९।८० मा यस नौगाड गाउँपालिका को वडा नं. ६ को वडा कार्यालय घेरपर्खाल निर्माण गर्ने क्रममा जग्गा यकिन तथा यथार्थ मूल्याङ्कन नगरी स्थानीय श्री गोरे धामीलाई रु. ५,००,०००/- (अक्षरूपी पाँच लाख रुपैयाँ मात्र) भुक्तानी गरिएको र लालपुर्जा पेस नभएको भनी महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएको बेरुजुका सम्बन्धमा विस्तृत छलफल गरियो।

उक्त योजनाको भुक्तानी फाइल, कार्यपालिकाको निर्णय र जग्गा प्राप्ति सम्बन्धी प्रमाण कागजातहरू माथि गहन समीक्षा गरियो। साविक धुलिगडा गाविसको सरकारी जग्गामा आर्थिक वर्ष २०७८/७९ मा वडा नं. ६ को वडा कार्यालय भवन निर्माण गरिएकोमा, भवनको अगाडिको भागमा आँगनको क्षेत्रफल कम भएको र सुरक्षाका लागि चारैतिर बाउन्ड्रिवाल (घेरपर्खाल) लगाउन प्राविधिक रूपमा थप जग्गा आवश्यक परेकाले गाउँ कार्यपालिकाको निर्णय बमोजिम आर्थिक वर्ष २०७९/८० मा रकम विनियोजन गरी स्थानीय श्री गोरे धामीको जग्गा खरिद/मुआब्जा बापत उक्त रु. ५,००,०००/- भुक्तानी गरिएको पाइयो।

लेखापरीक्षणको अवधिमा जग्गाधनी प्रमाण पुर्जा फाइलमा संलग्न हुन नसके तापनि, हाल मालपोत कार्यालयबाट उक्त जग्गा नियमानुसार हक हस्तान्तरण भई नौगाड गाउँपालिकाको नाममा जारी भएको आधिकारिक जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) को प्रतिलिपि यस समिति समक्ष पेस हुन आई भिडान कार्य सम्पन्न भएको छ। जग्गाको स्वामित्व स्थायी रूपमा गाउँपालिकाको नाममा आइसकेको र सरकारी भवन तथा आँगन सुरक्षित भइसकेकाले यसमा कुनै कानुनी त्रुटि वा सरकारी रकमको हिनामिना नभएको स्पष्ट प्रमाणित हुन्छ।

अतः गाउँ कार्यपालिकाको जग्गा खरिद सम्बन्धी निर्णय, जग्गा मूल्याङ्कन समितिको सिफारिस, जग्गाधनीको मञ्जुरीनामा, र गाउँपालिकाको नाममा प्राप्त भएको सक्कल जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) को प्रमाणित प्रतिलिपि लगायतका सम्पूर्ण प्रमाण कागजातहरूलाई आधार मानी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिम महालेखाको उक्त रु. ५,००,०००/- को बेरुजु लगत पूर्ण रूपमा नियमित (फछ्र्यौट/लगत कट्टी) गर्ने निर्णय गरियो।